नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

# परियोजना कार्यान्वयन एकाई

उदयपुर

फोन: ०३५-४२०८३८

इमेल: pmamp.piu.udayapur@gmail.com

**विषयः सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना।**

सुचना नं ०८/२०७८।७९

**प्रथम पटक प्रकाशित मिति : २०७८।०९।२१**

यस कार्यालयबाट आ.व.२०७८।७९ का लागि सिलबन्दी दरभाउपत्र मार्फत तपसिल बमोजिमको अदुवा, वेसार र मकैको बीउ खरिद गर्नुपर्ने भएकोले १५(पन्ध्र) दिने अवधि राखी प्रथम पटकको लागि सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ। देहायका शर्तहरुको अधिनमा रहि सिलबन्दी दरभाउपत्र यस कार्यालयबाट खरिद गरी तोकिएको मिति भित्र दर्ता गर्नुहुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| ठेक्का नं. | बीउको नाम | बीउको जात | आपुर्ति गर्नुपर्ने अनुमानित परिमाण (किलोग्राम) | कुल लागत अनुमान रकम रु. | जम्मा गर्नुपर्ने धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| ०१/२०७८/७९ | अदुवाको बीउ | कपुरकोट १ वा २ | १३८७० | १९,७६,००० | ५९,२८० | कुल रकमको ५० प्रतिशत रकम कृषकबाट र ५० प्रतिशत रकम कार्यालयबाट भुक्तानी हुनेछ। |
| | बेसारको बीउ | कपुरकोट हलेदा १ वा २ | १४४४० | | | |
| ०२/२०७८/७९ | मकैको बीउ | रामपुर हाईब्रिड २, ४, ६, ८, १० | ८० | १४,३५,५०० | ४३,०६५ | कुल रकमको ५० प्रतिशत रकम कृषकबाट र ५० प्रतिशत रकम कार्यालयबाट भुक्तानी हुनेछ। |
| | मकैको बीउ | टि एक्स ३६९ | २५३० | | | |

शर्तहरु

१. सिलबन्दी दरभाउपत्र फारम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन ( २०७८ माघ ७ गते ) कार्यालय समयसम्ममा प्रति ठेक्का रु १००० रकम (पछि फिर्ता नहुने गरी) बुझाएको नगदी रसिद साथ संस्था दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि कर र स्थायी लेखा दर्ता प्रमाणपत्र आ.व. २०७७।७८ सम्मको करचुक्ता प्रमाणपत्र, बीउको श्रोत खुल्ने कागज, कृषि प्राविधिकको निरीक्षण प्रतिवेदन र बीउ बीजन व्यवसाय अनुमतिपत्रको प्रतिलिपिहरु संलग्न राखी इच्छुक फर्म सहकारी र समुह वा कम्पनीको आधिकारिक प्रतिनिधिले कार्यालय समय भित्र यस कार्यालयबाट खरिद गर्न सक्नेछ।

२. धरौटी रकम कोष तथा लेखा नियन्त्रक कार्यालय उदयपुरको नाममा रहेको धरौटी खाता नं 2090100102030000 मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तिमा ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ।

३. खरिद भएको दरभाउपत्रका प्रत्येक पानामा सहिछाप र सिलबन्दी गरी खाम बाहिर फर्म संस्था वा कम्पनीको नाम ठेगाना र ठेक्काको नाम नम्बर लेखी सूचना प्रकाशित भएको मितिले १६ औ दिन ( २०७८ माघ ८ गते ) दिनको १ बजे सम्म खामबन्दी गरी यस कार्यालयमा दर्ता गरी पेश गर्नु पर्नेछ।

४. दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु दर्ता गर्ने अन्तिम दिनको २ बजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको रोहवरमा खोलिने छ दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।

५. दरभाउपत्र खरिद गर्ने , दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट तत् तत् समयमा गरिनेछ।

६. दरभाउपत्र फारम भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रष्ट सँग उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ

७. दरभाउपत्र स्वीकृत भएपछि सोको सूचना पाएको मितिले ७ दिन भित्र सम्बन्धित दरभाउपत्र दाता फर्म, संस्था वा कम्पनीले नियमानुसार प्रक्रिया पुरा गरी सम्झौता गर्न आउनु पर्नेछ। सो अवधि भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिने छ र सो कारणबाट दोश्रो दरभाउपत्रदाताको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुन दरभाउपत्र आह्वान गर्ने अधिकार कार्यालयमा सुरक्षित रहने छ।

८. आपुर्तिकर्ताले बीउ बीजन ऐन, २०४५, बीउ बीजन नियमावली, २०६९ र बीउ बीजन प्रमाणिकरण निर्देशिका, २०७४ लगायत बीउबीजन गुणस्तर नियन्त्रण सँग सम्बन्धित अन्य कानुनी तथा नीतिगत व्यवस्था हरुको अधीनमा रही बीउको गुणस्तर कायम गर्नु पर्नेछ।

९. एउटै आपुर्तिकर्ता बाट सम्पुर्ण बीउ आपुर्ति हुन नसकने अवस्थामा न्युनतम मुल्यको बढ्दो क्रममा आपुर्तिकर्ता छनौट गरिने छ।

१०. अन्य शर्तहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा नेपाल सरकारको प्रचलित कानूनको अधीनमा रही गरिएको यस कार्यालयको निर्णय अन्तिम हुनेछ।

११. कार्यालयले आवश्यकता अनुसार फरक फरक जात वा एउटै जात आंशिक रुपमा खरिद गर्न सक्नेछ। अन्य थप शर्त तथा जानकारीका लागि दरभाउपत्र फारम तथा कार्यालयमा सम्पर्क राख्नु होला।

२०७८/०९/२९